नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(रोजगार कार्यक्रम व्यवस्थापन शाखा)

पत्र संख्या:- ०८२/८३
चलानी नं.:- ८६

सिंहदरबार, काठमाडौं
नेपाल ।

मिति:- २०८२/११/१४
ने.सं. ११४६, चिल्लाथ्व, दशमी, बिहिबार

श्री सम्पूर्ण स्थानीय तहहरू,
(७५३ वटै)।

विषय: बेरोजगार सूचीकरणको म्याद थप तथा निवेदनको ढाँचा कार्यान्वयन सम्बन्धमा।

नेपालको संविधानले मौलिक हकको रूपमा प्रत्याभूत गरेको रोजगारीको हक कार्यान्वयन गर्न जारी भएको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र सो सम्बन्धी नियमावली, २०७५ को व्यवस्था बमोजिम साविकमा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि स्वीकृत निवेदनको ढाँचा अनुरूप बेरोजगार दर्ता तथा सूचीकरणको कार्य हुँदै आएकोमा, हाल साविकको निर्देशिका खारेज भई *"राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२"* स्वीकृत भई कार्यान्वयनमा रहेको विदितै छ।

सोही सन्दर्भमा, माननीय मन्त्रीस्तरको मिति २०८२/११/१४ को निर्णयानुसार उक्त निर्देशिकाको दफा १५ र १७ को प्रयोजनका लागि बेरोजगार दर्ताका लागि दिने निवेदनको विस्तृत ढाँचा स्वीकृत र रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ बमोजिम बेरोजगार दर्ताका लागि तोकिएको फागुन महिनाको समयसीमालाई आसन्न निर्वाचनको विशेष परिस्थितिका कारण, संघीय सरकारको न्यूनतम रोजगारी कार्यक्रमका लागि मात्र लागू हुने गरी चैत्र मसान्तसम्म समय थप गर्ने निर्णय भएको व्यहोरा अनुरोध छ ।

नेपालको संविधानको अनुसूची-८ बमोजिम बेरोजगारको तथ्याङ्क सङ्कलन गर्ने कार्य स्थानीय तहको एकल अधिकार सूचीमा रहेको मर्मअनुरूप, संघीय सरकारद्वारा सञ्चालित न्यूनतम रोजगारीका लागि मन्त्रालयबाट स्वीकृत यस संलग्न ढाँचाका अतिरिक्त स्थानीय तहले आफ्नो आवश्यकता र औचित्यका आधारमा अन्य विवरणसमेत थप गरी तथ्याङ्क सङ्कलन गर्न सक्ने व्यहोरा स्मरण गराउदै यसै पत्रसाथ संलग्न स्वीकृत ढाँचा प्रयोग गरी बेरोजगार दर्ता सूचीकरणको कार्यलाई अगाडि बढाउनुहुन मा.मन्त्रीस्तरको निर्णयानुसार अनुरोध छ ।

बोधार्थ तथा कार्यार्थ:

श्री सूचना प्रविधि तथा तथ्याङ्क शाखा, : संलग्न स्वीकृत बेरोजगार दर्ता निवेदनको ढाँचा मन्त्रालयको वेबसाइटमा अपलोड गरिदिनुहुन।

श्री रोजगार सेवा केन्द्र, (७५३ वटै)

२०८२।११।१४
............................
(कुशल बराल)
शाखा अधिकृत

## बेरोजगार दर्ताका लागि दिने निवेदन

(राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा १५ र १७ सँग सम्बन्धित)

श्री वडा कार्यालय,

मितिः ...........................

वडा नं ..... नगरपालिका / गाउँपालिका ........................................, ................................. जिल्ला

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहद्वारा सञ्चालित न्यूनतम रोजगार लगायत रोजगार प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रममा संलग्न हुन मैले देहाय बमोजिमको विवरणसहित यो निवेदन पेश गरेको छु।

१. नाम, थरः.....................................................................................................

२. लिङ्गः (कुनै एकमा √ लगाउनुहोस ) क) पुरुष ख) महिला ग) अन्य

३. पारिवारिक विवरणः

(अ) वर्ग / समूहः (तपाईं आफूलाई कुन वर्ग / समूहमा राख्न रुचाउनु हुन्छ? कुनै एकमा √ लगाउनुहोस)

| क) आदिबासी जनजाती | ख) दलित | ग) मुसलमान | घ) ब्राह्मण | ङ) क्षेत्री | च) मधेशी | छ) अन्य ......... |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(आ) अल्पसंख्यक समूदाय (कुनै एकमा √ लगाउनुहोस्): हो होइन

(इ) लोपोन्मुख जनजाती (कुनै एकमा √ लगाउनुहोस्): हो होइन

(ई) सीमान्तकृत वर्ग (कुनै एकमा √ लगाउनुहोस्): हो होइन

(यदि (ई) मा उत्तर 'हो' भने, अतिसीमान्तकृत वर्गको हो?) हो होइन

(उ) परिवारको संख्याः

१. महिलाः ................. पुरुषः ................. अन्यः ................. जम्माः ..........................

२. १८ देखि ५९ वर्ष उमेर समूहको सदस्य संख्याः ..........................

(ऊ) परिवारमा अपाङ्गता भएका सदस्य (कुनै एकमा √ लगाउनुहोस): छ छैन

(यदि उत्तर 'छ' भन्ने भएमा देहायको विवरण उल्लेख गर्नुहोस् । 'छैन' भने तथा आवेदक महिला भएमा 'ए' को उत्तर दिनुहोस् । यदि आवेदक पुरुष या अन्य भएमा प्रश्न नं. ४ को उत्तर दिनुहोस् )

१. नामः ............................................ उमेरः ............ अशक्तताको प्रकृतिः पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य

२. नामः ............................................ उमेरः ............ अशक्तताको प्रकृतिः पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य

(ए) निवेदक महिला भएमा, गर्भवती वा सुत्केरी भएको महिला हो? हो होइन ('हो' को प्रश्नको उत्तर दिनु होस्)

गर्भवतीः ................... महिना वा सुत्केरी भएमा :..................... महिना

४. स्थायी ठेगाना: प्रदेश: .......................... जिल्ला: ..........................न.पा. / गा.पा.: .......................... वडा नं.: ........

५. सम्पर्क विवरण (उपलब्ध भए सम्म) मोबाइल नं. .......................................... इमेल: ..........................................

६. निवेदक गत आ. व. मा रोजगारीमा संलग्न रहेको भएमा दिन संख्या : .......................................... दिन

७. निवेदकले गत आ.व. मा कूल रोजगारी वा स्वरोजगारीबाट प्राप्त गरेको आम्दानी रकम: रु. ..............................

८. निवेदक कृषि वा ज्याला मजदुरी गर्ने परिवारको सदस्य हो? (कुनै एकमा √ लगाउनुहोस)

(यदि उत्तर 'हो' भएमा देहायको प्रश्नको उत्तर दिनु होस्) [ हो ] [ होइन ]

क) कृषि उत्पादन वा ज्याला मजदुरीले कति महिना खान पुग्दछ ? .............................. महिना

९. निवेदन भूमिहिन वा सुकुम्बासी हो ? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

१०. निवेदकको घरमूली एकल महिला हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

११. निवेदक शहिद परिवार या बेपत्ता परिवारको सदस्य हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

१२. परिवारको सदस्य र रोजगारीको अवस्था (निवेदक सहित):

| क. सं. | नाम | निवेदकसँगको नाता | नागरिकता / राष्ट्रिय परिचय पत्रको विवरण | | | जन्म मिति | शैक्षिक योग्यता (निरक्षर / साक्षर / आधारभूत / माध्यामिक / उच्च माध्यामिक / स्नातक या सो भन्दा बढि) | स्वदेश तथा विदेशमा रोजगार या स्वरोजगारमा संलग्न? | सामाजिक सुरक्षा कोष वा अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता या आम्दानी? |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नंबर | जारी मिति | जारी जिल्ला | | | छ / छैन | लिइरहेको / नरहेको |
| १ | | (निवेदक) | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

(निवेदनको बुँदा (३) (उ) अनुसारको सबै परिवारको संख्याको विवरण उल्लेख गर्नु पर्नेछ । फाराममा परिवारको संख्या अनुसार रो थपघट गर्न सकिनेछ।)

१३. परिवारको वार्षिक आय: रु. .......................................... (अक्षरेपी ..........................................................................................................................................)

१४. सीप विकास हुने केही तालिम लिनु भएको छ ? (कुनै एकमा √ लगाउनुहोस)

(यदि उत्तर 'छ' भएमा देहायको प्रश्नको उत्तर दिनु होस्) [ छ ] [ छैन ]

सीप र तालिमसग सम्बन्धित विवरण:

| सीपको विवरण | दक्ष / अर्धदक्ष / अदक्ष | न्यूनतम ३९० घण्टा तलिम लिए/नलिएको |
|---|---|---|
| | | |
| | | |

१५. अन्य कुनै रोजगारीमा संलग्न हुनु भएको थियो ? (कुनै एकमा √ लगाउनुहोस)

(यदि उत्तर 'छ' भएमा देहायको प्रश्नको उत्तर दिनु होस्) ☐ थियो ☐ थिएन

रोजगारीमा संलग्न सम्बन्धित विवरण:

| रोजगारीमा संलग्न विवरण | अवधि | कामसंग सम्बन्धित सीप/ तलिम |
|---|---|---|
| | ____ वर्ष ____ महिना | |
| | | |

१६. व्यवसाय/उद्यममा संलग्न हुनु भएको थियो ? (कुनै एकमा √ लगाउनुहोस)

(यदि उत्तर 'छु' भएमा देहायको प्रश्नको उत्तर दिनु होस्) ☐ थियो ☐ थिएन

व्यवसाय/उद्यममा संलग्न सम्बन्धित विवरण:

| व्यवसाय/उद्यममा संलग्न विवरण | अवधि |
|---|---|
| | ____ वर्ष ____ महिना |
| | |

१७. निवेदक वैदेशिक रोजगारीबाट फर्किएको व्यक्ति हो? (कुनै एकमा √ लगाउनुहोस)

(यदि उत्तर 'छु' भएमा देहायको प्रश्नको उत्तर दिनु होस्) ☐ हो ☐ होइन

| देश | वैदेशिक रोजगारीको क्षेत्र | अवधि | विदेशमा गरेको कामसंग सम्बन्धित सीप |
|---|---|---|---|
| | | ____ वर्ष ____ महिना | |
| | | | |

१८. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक पुर्वाधार विकासको निर्माण तथा मर्मत कार्यमा संलग्न हुन ईच्छुक हुनु हुन्छ ? (कुनै एकमा √ लगाउनुहोस)

☐ छु ☐ छैन

१९. अन्य रोजगारी, स्वरोजगारी, उद्यमशीलतामा संलग्न हुन र सो को लागि तालिम लिन चाहनुहुन्छ ? (कुनै एक छान्नुहोस)

| रोजगारी, स्वरोजगारी, उद्यमशीलता | क्षेत्र | तालिम |
|---|---|---|
| | | |

२०. बैंक खाताको विवरण (उपलब्ध भएमा) बैंकको नाम: ..............................................................

बैंकको ठेगाना: .......................................... खाता नंबर: ..............................................खाताको प्रकार: ..................

२१. उपरोक्त बमोजिमको विवरणहरु साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला / बुझाउँला भनि सहिछाप गर्ने ।

निवेदकको नाम: ............................................ मिति: ............................................ हस्ताक्षर ..................................

| दायाँ | बाँया |
|---|---|
| | |

[कार्यालय प्रयोजनको लागि]

निवेदन दर्ता मिति: ..................................................

उपरोक्त विवरणहरु पूर्ण तथा सहि छन् भनि प्रमाणित गर्ने वडा अध्यक्ष

नाम: ..................................................... हस्ताक्षर ..........................................